मिति २०७६/०५/२६ गतेका दिन प्र.जि.अ.श्री प्रेमराज जोशीज्यूको उपस्थितिमा जिल्लास्थित सरकारी कार्यालयहरुका सुचना अधिकारीसँग बसेको बैंठकबाट भएको निर्णयहरु:-

१. जिल्लास्थित सरकारी कार्यालयहरुबाट आ.व.०७५/७६ मा भएका/गरेका सुचना प्रवाह तथा विवरणका सम्बन्धमा समिक्षा एवं छलफल र जानकारी भयो ।

२. आ-आफ्ना कार्यालयबाट प्रवाह हुने सेवा/कामहरु सरल सहज तरिकाले सेवाग्राही मैत्री भै नियमित रुपमा प्रवाह हुन र कार्यालयबाट नियमित रुपमा प्रकाशन गर्नुपर्ने सुचनाहरु कार्यालयको वेव साइट, सामाजिक संजालमा राख्ने, नियमित अध्यावधिक गर्ने, सरोकारवाला निकाय/व्यक्ति/संघ/संस्थाहरुले माग गरेका सुचनाहरु निर्वाध रुपमा दिने व्यवस्था गर्ने/गराउने ।

३. नियमित रुपमा महिनाको १ पटक सुचना अधिकारीहरुको बैंठक बस्ने र सो बैंठकमा अनिवार्य रुपमा सबै उपस्थित हुने ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मकवानपुर

प्रेमराज जोशी
प्रमुख जिल्ला अधिकारी